**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरु,**

**जय नेपाल**

नेपाली काँग्रेसको नेतृत्वमा जारी भएको नेपालको संविधान २०७२ अनुसार नेपाली काँग्रेसको नेतृत्वमा सम्पन्न भएका तीनै तहका निर्वाचनबाट संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासको एक कार्यकाल पूरा गरेको छ। यो वर्ष हाम्रो सङ्घीयताको ढाँचामा रहेका स्थानीय, प्रदेश र केन्द्र तीनै तहका निर्वाचनहरू क्रमशः हुँदै जानेछन् । यही वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ। निष्ठावान् लोकतन्त्रवादी नेपाली जनताको अथक सङ्घर्ष र बलिदानस्वरुप संविधानसभाबाटै संविधान लेखिनु पर्छ भन्ने सङ्कल्प साकार भएसँगै हामीलाई आवधिक निर्वाचनको यो दोस्रो अवसर प्राप्त हुँदैछ। स्थानीय तह, संघीय शासन प्रणालीको प्राथमिक र महत्वपूर्ण आधार हो। संघीय लोकतान्त्रिक गणतन्त्रले निर्दिष्ट गरेका लक्ष्य तथा उद्धेश्य हासिल गर्न सवल, सक्षम, सुदृढ र सुशासित स्थानीय तह अपरिहार्य हुन्छ। नयाँ वर्ष २०७९ को आगमनसँगै समुन्नत नेपालको सपना र योजना बोकेर हामी स्नेह, आशीर्वाद र अमूल्य मतको विनम्र अपेक्षा सहित तपाईंहरूको घरदैलोमा उभिएका छौं। यो निर्वाचनले स्थानीय लोकतन्त्र, स्वायत्तता, स्वशासनको प्रत्याभूति तथा प्रभावकारी सेवा सुविधा प्रदान गर्न उल्लेखनीय योगदान गर्ने छ। आवधिक निर्वाचन लोकतन्त्रको आधारभूत स्तम्भ हो। जति धेरै नागरिकले यसमा भाग लिन्छन्, लोकतन्त्र उति नै सुदृढ, स्थायी र जनमुखी हुन्छ। तसर्थ, यही २०७९ साल बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उत्साहपूर्वक सहभागी भई लोकतान्त्रिक प्रणाली मार्फत नयाँ नेतृत्व स्थापित गर्न संघीय समावेशी लोकतान्त्रिक गणतन्त्रको जग बलियो बनाउन जनतासंग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहमा नेपाली काँग्रेसको नेतृत्व स्थापित गरी सुशासान समृद्धि र विकासको प्रत्याभूति गर्न जनता माझ संकल्प, अठोट र प्रतिवद्धताका लागि यो संकल्प पत्र तयार पारी डडेल्धुरा जिल्लाका सात वटै पालिका र ५२ वटै वडाहरुमा नेपाली काँग्रेसको तर्फवाट प्रस्तुत गरिएका उम्मेदवारहरुलाई अमूल्य मत दिई विजयी गराउन आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूसँग हार्दिक अपिल गर्दछौं।

स्थानीय सरकार सबल र सक्षम भयो भने मात्र हाम्रो लोकतन्त्र पनि बलियो हुन्छ भन्ने मान्यताप्रति आफ्नो स्थापनाकालदेखि नै नेपाली काँग्रेस पार्टीको अटुट विश्वास रहँदै आएको छ। स्थानीय सरकार स्रोत, साधन र अधिकारले जति सबल बन्छन्, नागरिक र नागरिकले चाहेको लोकतान्त्रिक व्यवस्था त्यति नै बलियो हुन्छ भन्ने समेत नेपाली काँग्रेसको निष्कर्ष छ। यही बैशाख ३० हुन गईरहेको स्थानीय निर्वाचनमा हजुरहरुको माया, सदभाव र सहयोगले सबै स्थानीय तहहरुमा हाम्रा उम्मेदवारहरु विजयी हुनु भयो भने पञ्चवर्षीय रणनीतिक योजना तयार पारी सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर हाम्रो सङ्कल्प सहित संकल्प(पत्र मार्फत निम्नानुसारका प्रतिवद्धताहरु सार्वजनिक गरेका छौ।



## १ शिक्षा क्षेत्र

नेपाली काँग्रेसको शिक्षानीति र नेतृत्वले आधारभूत र माध्यमिक शिक्षाको पहुँचलाई सर्वसुलभ बनाउने एउटा महाअभियानले सफलता प्राप्त गरेको छ। अब हाम्रो शिक्षा प्रणालीलाई व्यापक सुधार गर्दै सबैलाई गुणस्तरीय शिक्षा दिलाउने हाम्रो पार्टीको प्रमुख लक्ष्यका साथ रट्ने र घोक्ने खालको सिकाई परम्परालाई निरुत्साहित गर्दै बाल विकासदेखि माध्यामिक तहसम्मै सोच्ने, सोध्ने र सिक्ने शिक्षण परम्परा र अभ्यासलाई प्रोत्साहन गर्दै शिक्षामा सुधार ल्याउनेछौं। विद्यालयमा उपस्थिति दर उत्साहजनक देखिएता पनि ड्रप(आउट दर घटाउन र रिटेन्शन दर बढाउने नीति र कार्यक्रमहरु अबलम्बन गर्दै जानेछौं।

-डडेल्धुरा बहुमुखी क्याम्पसलाई बहु(प्राविधिक शिक्षालयको रुपमा विकसित गर्नका साथै भौतिक पूर्वाधारको स्तरोन्नति गर्न पहल गरिनेछ।

-हरेक स्थानीय तहमा एउटा उत्कृष्टताको केन्द्र 'Center of Excellence'को रूपमा कम्तिमा एउटा "अगुवा विद्यालय" (**Lead School**) को स्थापना गरिनेछ र प्रत्येक पालिकाका कम्तिमा १ सामुदायिक विद्यालयमा अग्रेजी माध्यमवाट पठन पाठन गर्ने व्यवस्था गरिनुका साथै सोही विद्यालयमा खेल सामाग्री सहितको वालउद्यान्नको स्थापना गरिने छ।

-विद्यार्थीहरुले आफूले निर्माण गरेका र सिकेका कुराहरुको प्रदर्शन गर्ने अवसर पाउने गरी वार्षिक 'सिकाई मेला' संचालन गरिनेछ।

-प्रत्येक वडामा कम्तीमा एउटा 'व्यावसायिक सीप विद्यालय' सञ्चालन गर्न पहल गरिनेछ।

-छात्राहरूका लागि विद्यालयमा नै गुणस्तरीय निःशुल्क सेनिटरी प्याडको व्यवस्था गरिने छ।

-स्थानीय आवश्कता र परिवेश अनुसार मौलिक ज्ञान (Indigenous Knowledge) र आधार भूत जीवन सीपहरू (Life Skill) सम्वर्धन र संरक्षण हुने गरी स्थानीय पाठ्यक्रमको निर्माण गर्न सहज वातावरण सृजना गरिनेछ।

-विद्यालयहरूमा आवश्यक न्यूनतम पूर्वाधार, पुस्तकालय, ICT कक्ष, लैङ्गिकमैत्री शौचालय तथा अपाङ्गमैत्री संरचनाहरूको व्यवस्था गरिनेछ। पालिकाभित्र रहेका सम्पूण विद्यालयहरुलाई प्रविधीमैत्री बनाई प्रविधीमैत्री शिक्षामा जोड दिईनेछ।

नेपाली काँगेस डडेल्धुरा स्थानीय तह निर्वाचन-२०७९को संकल्प-पत्र

-हरेक वडामा कम्तीमा १ विद्यालयमा नमूना प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन संचालन गरिनेछ।

-अभिभावकसँग सम्बन्ध विस्तार गर्न प्रत्येक विद्यालयबाट टोल भेला र मासिक घरदैलो कार्यक्रम संचालन गरी अभिभावकको उपस्थितिलाई कम्तीमा ९०५ पुर्‍याउन पहल गरिनेछ। हरेक त्रैमासिक परीक्षासम्म शत् प्रतिशत उपस्थित हुने विद्यार्थीका अभिभावकलाई सम्मान गर्ने व्यवस्था गरिनेछ। अभिभावक र विद्यार्थीहरूका लागि प्रभावकारी गुनासो संयन्त्रको व्यवस्था गर्न पहल गरिनेछ।

-क्षेत्रगत आधारमा सिकाइ केन्द्रहरूको स्थापना गरी विषयगत शिक्षकहरूको त्रैमासिक भेला आयोजना गर्दै आफूसँग भएको सीप, ज्ञान र अनुभव अन्य शिक्षकसँग बाँड्ने अवसरको सिर्जना गरिनेछ।

-जीवनपर्यन्त सिकाइलाई प्रोत्साहन गर्न स्थानीय तह स्तरीय सार्वजनिक पुस्तकालय तथा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालन गरिनेछ।

-स्थानीय तहहरूले सशर्त अनुदान बाहेकको शिक्षामा गर्ने लगानीलाई हालको अवस्थाबाट कम्तिमा पनि दोब्बर गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ।

-माध्यमिक तहको विद्यालय सुधार योजना अन्तर्गत विषयगत शिक्षकहरूको अभावलाई पूर्ति गर्ने गरी दरवन्दीको व्यवस्था, दरबन्दीको अभाव भएका विद्यालयहरूमा स्नातक अध्ययन गरेका योग्य युवालाई उत्प्रेरित गरी स्वयंसेवक शिक्षकको रूपमा परिचालन गर्न पहल गरिनेछ।

-तीन वर्षभित्र सबै विद्यालयमा 'विद्यालय नर्स' कार्यक्रम व्यवस्थित गरिनेछ।

-प्रारम्भिक बाल विकासका शिक्षकको क्षमता वृद्धि गर्दै पारिश्रमिकलाई कम्तिमा आधारभूत विद्यालय शिक्षकको तलब सुविधाको स्तरमा पुर्‍याउन पहल गरिनेछ।

-संस्थागत विद्यालयमा भइरहेका राम्रा प्रयास, उत्कृष्ट व्यवस्थापकीय अभ्यासलाई सार्वजनिक विद्यालयको सुधारमा योगदान दिन सक्ने वातावरणको निर्माण गरी सार्वजनिक शिक्षा सबलीकरणमा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी राम्रा अभ्यासलाई संरचनागत र प्रणालीगत सुधारको लागि प्रयोग गरिनेछ।

### २ स्वास्थ्य क्षेत्र

नेपाली काँग्रेसले लिएको स्वास्थ्य नीतिका कारण नेपालले जनस्वास्थ्यका क्षेत्रमा थुप्रै उपलब्धि हासिल गरेको छ, स्वास्थ्य सेवाको पहुँच बढेको छ। यद्यपि, गुणस्तर वृद्धि गर्न अझै धेरै काम गर्न बाँकी रहेको यथार्थलाई कोभिड-१९ महामारीले थप उजागर गरेको छ। नेपाली



काँग्रेस गाउँ-गाउँमा स्वास्थ्य सेवा र जनशक्ति पुऱ्याउने, स्वास्थ्य बीमा लगायत विगतमा विभिन्न कालखण्डमा आफ्नो सरकारले गरेका प्रयास र उपलब्धिलाई स्मरण गर्दै स्वास्थ्य सम्बन्धि नागरिक अधिकारलाई कार्यान्वयन गर्न जनता केन्द्रित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने प्रतिवद्धता व्यक्त गर्दछ। संविधानले स्थानीय सरकारलाई प्रत्याभूत गरेका स्वास्थ्यको अधिकार कार्यान्वयन गर्दै निःशुल्क आधारभूत स्वास्थ्य सेवा,गुणस्तरीय सेवामा सहज र समतामूलक पहुँच सुनिश्चित गर्न नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछ :

-डडेल्धुरा अस्पताललाई सुविधा सम्पन्न अस्पतालको रुपमा स्थापना गरी मेडिकल कलेज सचालनका लागि पहल गरिनेछ।

-खोप केन्द्र, गाउँघर क्लिनिक लगायत समुदायमा आधारित सेवा र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको दक्षता अभिवृद्धि र उत्प्रेरणाका कार्यक्रम संचालन गरिनेछ।

-डडेल्धुरा सदरमुकाममा व्यवस्थित सेफ हाउस निर्माण गरी संचालनका लीग पहल गरिनेछ।

-६५ वर्ष माथिका जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, अति विपन्न, दलित, एकल महिला, एकल पुरुष,अति अशक्त र अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क बीमा, वडा कार्यालयसँगको समन्वयमा घरबाटै बीमामा आवद्ध हुने व्यवस्था मिलाउन पहल गरिनेछ।

-पाँच वर्षभित्र प्रत्येक स्थानीय तहलाई 'पूर्ण स्वास्थ्य बिमित' बनाउने र स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन व्यवस्था गरिनेछ।

-प्रत्येक पालिका स्तरमा १५ सैयाको सुविधा सम्पन्न सामुदायिक अस्पताल संचालनमा ल्याई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न पहल गरिनेछ।

-स्थानीय स्वास्थ्य प्रोफाइल निर्माण गरी 'सबै नीतिमा स्वास्थ्य (Health in All Policies)' भन्ने मान्यताका साथ स्थानीय आवश्यकता र प्राथमिकता अनुसार गाउँ (नगरपालिकाको स्वास्थ्य लक्ष्य निर्धारण गरी तथ्य र प्रमाणका आधारमा योजना, कार्यक्रम र बजेट तर्जुमा गर्न पहल गरिनेछ।

-प्रसुती सेवाको अभावमा आमाको मृत्यु हुने अवस्थाको अन्त्य गर्न हरेक वडामा गुणस्तरीय आधारभूत र आकस्मिक सेवा प्राप्त हुने गरी दक्ष स्वास्थ्यकर्मी सहितको प्रसुती केन्द्र सञ्चालन गरिने छ।

महिला स्वास्थ्य स्वयंसेवकहरूलाई समन्वय गरी समुदायमा आधारित अभियान सञ्चालन गर्न निश्चित टोल समेटेर स्वास्थ्य संस्था मातहत रहने गरी समुदायमा नर्स' कार्यक्रम संचालन लागु गर्न पहल गरिनेछ।

-उपचार, स्क्रिनिङ, प्रवर्द्धन, परामर्श सेवाको लागि समय समयमा वडा र समुदायमा 'घुम्ती जनस्वास्थ्य शिविर संचालन गरिनेछ।

-गर्भवती महिलाहरुको पोषणको लागि नियमित स्वास्थ्य परीक्षण गर्दा गर्भवती पोषण प्याकेज को व्यवस्था गरिनेछ र सुत्केरी महिलालाई ५ हजार सुत्केरी सहायता भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउन पहल गरिनेछ।

-बाल स्वास्थ्य र मातृशिशु स्वास्थ्यलाई घरदैलोमा पुर्‍याउन सबै वडामा सुनौलो हजार दिन कार्यक्रम प्रभावकारी बनाईनेछ।

-सबै महिलालाई निःशुल्क गुणस्तरीय स्यानिटेरी प्याड वितरणको व्यवस्था गरिनेछ।

-६५ वर्ष माथिका नागरिक, गर्भवती महिला, दीर्घ रोग भएका, अपाङ्गता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परीक्षण, परामर्श, औषधी र उपचारसहित घरमै स्वास्थ्य सेवा दिईनेछ।

-आयुर्वेद र परम्परागत पद्धतिबाट उपचार गर्न गाउँ(नगरपालिकामा 'नागरिक आरोग्य कार्यक्रम' सञ्चालन गरिनेछ।

-हरेक स्थानीय तहमा सुविधा सम्पन्न एम्बुलेन्स सेवा र दमकलको व्यवस्थाको व्यवस्था गरिनेछ।

-गरिव तथा जेहेन्दार विद्यार्थीका लागि स्थानीय तहले आफ्नो स्रोतमा चिकित्सक लगायतको जनशक्तिका लागि छात्रवृत्तिको व्यवस्था गर्नेछ। र अध्ययनपश्चात् आफ्नो स्थानीय तहमा कम्तीमा २ वर्ष सेवा दिनुपर्ने व्यवस्था गरिनेछ।

-नियमित परीक्षण गर्न वडामै सुविधा सम्पन्न प्रयोगशाला निर्माण गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ।

-महिला स्वास्थ्य स्वयमसेविकालाई मासिक रुपमा दिईदै आएको खाजा खर्चमा बृद्धि गरिनेछ। सेवा अवधि पुगेका वा ६० वर्ष उमेर पुगी अवकास हुने अवस्थाका महिला स्वास्थ्य स्वयमसेविकालाई १ लाख नगद सहित पुरुस्कारको व्यवस्था गरिनेछ।

-प्रत्येक गाउपालिका/नगरपालिकामा सुविधा सम्पन्न पोषण पुनर्स्थापना केन्द्रको स्थापन गर्न पहल गरिनेछ ।

### ३ कृषि तथा पशुपंक्षी विकास

नेपालको अर्थतन्त्रमा कृषि तथा पशु विकासको क्षेत्रले महत्वपूर्ण योगदान गर्दै आएको छ। तर यस क्षेत्रको उत्थानका लागि आजसम्म हुँदै आएका प्रयत्नहरू पर्याप्त नभएको हुँदा कृषि उत्पादन तथा उत्पादकत्वको कमी आएर कृषि उपजहरूको दिनानुदिन आयात बढ्दै गएको छ। खाद्य तथा पोषण सुरक्षाका साथै राष्ट्रिय सुरक्षामा समेत चुनौती थपिदै गएको छ। मूलतः किसान



कल्याण, सामूहिक प्रयासबाट प्राप्त हुने खाद्य तथा पोषण सुरक्षा, कृषि उद्यम तथा उद्योगको विकास, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विवधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि, विविधिकरण, व्यावसायीकरण र औद्योगिकीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि तथा पशु विकासको क्षेत्र नै अब हाम्रो मार्गीचित्र हो। तसर्थ, नेपालको संविधानले स्थानीय सरकारलाई कृषि तथा पशु विकासको क्षेत्रमा दिएको जिम्मेवारी पूरा गर्न हाम्रो स्थानीय सरकारले देहाय बमोजिमको सङ्कल्प गर्दछ।

-एक गाउँ, एक उत्पादनको नीति अवलम्वन गरी कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र व्यवसायीकरणलाई प्राथमिकतामा राखी युवाहरुलाई कृषि पेसामा आर्कीषित गरिनेछ र उत्पादनमा आधारित अनुदान दिने प्रणालीको विकास गरी तरकारी पकेट क्षेत्र वनाई तरकारी उत्पादन गरी सहज रुपमा बजारीकरण गरिनेछ।

-कृषि बीमामा साना किसानलाई ९० प्रतिशत र मझौला तथा ठुला किसानलाई ७५ प्रतिशत अनुदानका लागि पहल गरिनेछ र कृषि पशुपन्छी तथा मत्स्य उत्पादनमा खपत हुने कृषि विद्युत्मा ५० प्रतिशत छुट दिईनेछ।

-उन्नत बीऊ विजन एवं उन्नत नश्लका पशुपन्छीमा स्थानीय तहवाट ५० प्रतिशत अनुदान दिईनेछ र बजारीकरणका लागि कृषि एम्बुलेन्सको व्यवस्था मिलाउन पहल गरिनेछ।

-किसानहरुको सूचीकरण र बर्गीकरण गरिनेछ। साना समूह वा सहकारी मार्फत तरकारी खेति गर्नेलाई प्रोत्साहन रकम उपलब्ध गराउन पहल गरिनेछ।

-स्थानीय तहको कार्यक्षेत्रमा सम्भाव्य अन्नवालीको पहिचान गरी ती बालीहरुको बीउ उत्पादनको लागि कृषकहरुको समूह वा सहकारीको उपयोग गरी नया जातको बिउ उत्पादन गर्नेका लागि प्रोत्साहन गरिनेछ।

-नवीन प्रविधिमा आधारित सिचाई सुविधा (जस्तै सौर्य प्रणालीमा आधारित सिचाई प्रणाली, थोपा सिचाई प्रणाली, आकाशे पानी संकलन प्रविधि) विस्तार गरिनेछ।

-फलफुल विकासको लागि पालिकाहरुले हाल सञ्चालनमा रहेको नर्सरीहरुको सुदृढीकरण गर्ने र नर्सरी नभएका पालिकाहरुमा फलफुल नर्सरीको स्थापना गर्न आबश्यक पर्ने उत्पादन सामग्रीमा सहयोग गरिनेछ।

-सम्भाव्यताका आधारमा पकेट बनाई अन्नवबाली तथा दलहनबालीहरुको उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम संचालन गरिनेछ।

-पकेट बनाई आलु खेती बिस्तार तथा उत्पादकत्व बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

-पशुपालन व्यवसायको प्रवर्द्धनको लागि घाँस एवम् डालेघाँसको बीउ/बेर्ना/सेट उत्पादन गर्न समूह/ सहकारी/व्यक्तिसँग सहकार्य गरी घाँसको बीउ बेर्नाको श्रोत केन्द्र स्थापना गर्न पहल गरिनेछ।

-दुग्ध सहकारी तथा दुग्ध सहकारी संघसँगको सम्झौता मार्फत दुध बजारीकरणको व्यवस्था मिलाउने र यसको लागि दुग्ध संकलन केन्द्रको स्थापनाको लागि सञ्चालक समिति र कार्यविधि बनाईनेछ र दुग्ध सहकारीमा दुध संकलनको लागि दुध चिलिङ भ्याट लगायत अन्य उपकरणहरु अनुदान दिन पहल गरिनेछ।

-कृषक समूह वा सहकारी बनाई बाख्रा, बंङ्गुर र ग्रामीण कुखुरापालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तरगत सेवाग्राहीहरुलाई पाठापाठी तथा चल्लाहरुको मूल्यको निश्चित अंश अनुदान दिने र अन्य प्राविधिक सेवाहरु निःशुल्क उपलब्ध गराईनेछ।

-कृषि क्षेत्रको वस्तुस्थिति, कृषि बस्तुको उत्पादन तथा आवश्यकता सहितको वडास्तरीय कृषि प्रोफाईल तयार गरिनेछ।

-प्रकृतिक प्रकोप हावाहुरी, असिना आदिबाट वालीनालीमा हुने क्षतिको लागि उत्पादनमा आधारित किसानलाई क्षतिपूर्ति वा राहतका लागि कोषको स्थापना गरी सञ्चालनको लागि बजेट व्यवस्थान गरी किसानहरुलाई बिमामा जोड्ने कार्यक्रमहरु संचालन गरिनेछ।

-तरकारी, फलफूलमा आकस्मिक रुपमा देखिने रोग र कीराको नियन्त्रणको व्यवस्थापनको लागि बजेटको व्यवस्था गरिनेछ।

-युवाहरुको आवश्यकता र ईच्छा अनुसार कृषि व्यवसाय संचालनका लागि उधमशिलता विकास गर्न व्यवसायिक योजना (Business plan) तयारीका तालिमहरु संचालन गरिनेछ।

-सहकारीलाई कृषि उत्पादनसंग जोडी स्थानिय उत्पादनको प्रशोधन, वितरण साथै शित भण्डार तथा बीउ भण्डारमा सहभागी गराई कृषि उत्पादनमा जोड दिइनेछ।

## ४. भौतिक पूर्वाधार विकास

शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी र फोहोरमैला व्यवस्थापनजस्ता सामाजिक पूर्वाधार को विकास मर्यादित मानवीय जीवनका लागि अनिवार्य हुन्छ भने अर्कातिर बाटो, बिजुली, दुर सञ्चार, उद्योग,कृषि, पर्यटनजस्ता आधारभूत क्षेत्रमा प्रगति पनि उत्तिकै जरुरी हुन्छ। व्यापार, निर्माण र अन्य व्यवसायको लागत बढ्नुमा स्थानीय पूर्वाधारको कमी प्रमुख कारक रहने गरेको छ। तसर्थ, स्थानीय आर्थिक गतिविधिको केन्द्रलाई राष्ट्रिय पूर्वाधारको मूलधारमा जोड्ने अभियानलाई नेपाली कँग्रेसले रणनीतिक महत्वका रुपमा हेर्नेछ। स्थानीय भौतिक पूर्वाधार विकासका क्षेत्रमा हामी देहाय संकल्प गर्दछौ।



-डडेल्धुरा सदरमुकामको मुख्य बजारलाई व्यवस्थित गर्न सडक चौडा गरिनेछ र डडेल्धुरामा यथाशिघ्र एयरपोर्ट निर्माणका लागि पहल गरिनेछ।

-जिल्ला भित्रका मुख्य सडकहरु संघीय र प्रदेश सरकारको समन्वयमा कालोपत्रे गर्न पहल गरिनेछ भने सहायक सडकहरुलाई स्तरोन्नति गरिनेछ।

-पालिकाहरूको स्थानीय बिशिष्टताका आधारमा चक्रपथ सडक निर्माण गरिनेछ। निर्माण गरिने चक्रपथ सडकसंग पालिका केन्द्र र वडाका केन्द्र जोड्ने सडकहरु गाउँ, वस्ती तथा टोलका सडकसंग जोडन पहल गरिनेछ।

-प्रत्येक वडामा 'एक वडा, एक खुला क्षेत्र'को अवधारणा अनुसार ज्येष्ठ नागरिकहरुलाई विश्राम स्थल र आम नागरिकका लागि पार्क निर्माण गर्न पहल गरिनेछ।

-जिल्ला सदरमुकाममा व्यवस्थित बसपार्कको निर्माण गरिनेछ। सदरमुकाम लगायत पालिकाकाहरुका मुख्य बजारहरुमा व्यवस्थित ढल निकास उचित व्यवस्थापन गरिनेछ।

-विद्युतीकरण हुन बाँकी रहेका गाउँहरुमा विद्युत विस्तार गरिनेछ। सदरमुकामहरुमा सडक बत्तीको व्यवस्थापन गरिनेछ।

-डडेल्धुरा जिल्लाको सदरमुकाममा व्यवस्थित सेफ हाउस संचालन गरिनेछ।

-शुद्ध पिउने पानीको सुविधा नपुगेका घरबस्तीमा खानेपानी सुविधा पुर्‍याइने छ। खानेपानीका मुहान र पोखरी संरक्षण गरिने छ।

-एक घर एक धाराको अवधारण अनुरुप प्रत्येक घरमा खानेपानीको व्यवस्था गरिनेछ। संचालनमा रहेका खानेपानी योजनाहरुलाई सुदृढिकरण गरी नयाँ खानेपानीका योजना निर्माण गरिनेछ।

-भौगालिक परिवेश अनुसार लिफ्ट सिचाई तथा खानेपानी निर्माणको लागि पहल गरिनेछ।

-सञ्चार सेवा नियमित र व्यवस्थित गर्न नयाँ टावर निर्माण र भएका टावरहरुको स्तरोन्नति गरिनेछ।

-सिँचाई हुन सम्भाव्य सबै जमिनमा बाह्रै महिना सिँचाई हुनेगरी कृषिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

-सार्वजनिक पोखरीहरूको निर्माण तथा पूननिर्माण गर्दा बहुउदद्देश्यीय प्रारूप(सिँचाई, माछापालन, सौन्दर्यीकरण र स्थानीय पर्यटनजस्ता अवधारणालाई एकीकृत कार्यान्वयन गरिने छ।

-पालिकाको दिगो विकासको लागि दिर्घकालीन रणनीतिक योजना निर्माण गरिनेछ।

## ५ सहकारी व्यस्थापन

-स्थानीय स्तरमा प्रभावकारी नियमन,सहकारी सङ्घ सस्थाहरुलाइ एकीकरण गरी व्यवसायिकरण र गुणस्तर विकास, प्रविधिमैत्री सहकारी, कृषिजन्य वस्तु मल, विउ, यन्त्र, उपकरण आदि सहकारी

सङ्घ संस्था मार्फत विक्री वितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।

-सहकारीले अवलम्वन गरेको एक घर एक सहकारी सदस्यको नीतिलाई कार्यान्वयन गरी वडास्तरमा रहेका कृषि तथा पशु समुहहरुलाई कृषि,बहुउद्येश्यीय र बचत तथा ऋण सहकारी संस्थामा रुपान्तरित गरिनेछ।

### ६ भूमि व्यवस्थापन

नागरिकको आधारभूत अधिकारका अतिरिक्त कृषि तथा गैह्र कृषि उत्पादन, वातावरण संरक्षण र दिगो विकासको केन्द्र विन्दु पनि भूमि हो। भूमिको वहुआयामिक उपयोगलाई बैज्ञानिक र दिगो बनाउनु आजको आवश्यरकता हो। नेपालको संविधानले प्रत्याभुत गरेका मौलिक हकको सुरक्षा, सुरक्षित बसोवास र वातावरण संरक्षणका लागि भू-उपयोग योजनाको तयारी र उपयोग स्थानीय तहको दायित्व हो। हाम्रा स्थानीय सरकार मार्फत् माथि उल्लेखित दायित्व पूरा गर्न नेपाली काँग्रेस निम्न बमोजिमको संकल्प गर्दछ।

-भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न लगत संकलन, प्रमाणीकरण, जग्गा नापी र पूर्जा वितरण समेतको कार्य स्थानीय तहबाट हुने गरी आवश्यक प्रबन्ध, यसको लागि सङ्घ प्रदेशसँग सहकार्य गरिनेछ।

-भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जमिन उपलव्ध गराए पश्चात अति गरिब परिवारको लागि आवास र जिविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

-पुस्तौ देखि जनताले घर घरेडी खेति व्यवशाय तथा यस्तै अन्य प्रयोजनले जनताको स्वामित्वमा रहेको जमिनहरुको समय समयमा नाप नक्सा भई जग्गाधनी प्रमाण उपलव्ध नभएका र लालपुर्जा बनी वितरण हुन वाकी रहेका जग्गाधनी प्रमाणपत्र वितरण गरिनेछ।

-बिभिन्न समयमा बाढी पहिरो लगायतका प्रकृति प्रकोपबाट क्षतिपुगेको संरचनालाई पुर्ननिर्माण तथा बिस्थापित भएका परिवारलाई पुर्नस्थापनाका लागि पहल गरिनेछ।

### ७ कला, सस्कृति, पर्यटन तथा खेलकुद विकास

प्राकृतिक विशिष्टता, साँस्कृतिक वैभवता, गौरवपूर्ण ऐतिहासिकता, रुपान्तरण योग्य आध्यात्मिकता, भू(बनोटीय सुन्दरता र रणनितिक भौगालिक अवस्थाले गर्दा पर्यटनमा प्रचूर सम्भाव्यता रहेको देश भए पनि डडेल्धुरा जिल्लाले पर्यटनबाट लाभ लिँदै एक समुन्नत जिल्ला बन्न सक्ने प्रशस्त आधारहरु हुँदा हुँदै पनि अपेक्षित लाभ लिन सकिरहेको छैन। पर्यटन बचाउन, फर्काउन र फैलाउनका लागि निश्चित रणनीतिका पर्यटन विकास तथा प्रवर्धनका लागि निम्नानुसारको चार तारे मोडललाई आधार बनाई पर्यटन विकासको क्षेत्रमा अघि बढ्ने सङ्कल्प गर्दछ।



-स्थानीय स्तरका चाडपर्व, जात्राहरु लगायतका सास्कृतिक कार्यक्रममा सहभागिता जनाउन प्रोत्साहित गर्न कार्ययोजना लागु गरिनेछ।

-स्थानीय तहमा रहेका स्थापित तथा उदियमान गन्तव्यहरुसम्मको सहज र सुलभ पहुँचका लागि गुणस्तरीय पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गरिनेछ।

-स्थानीय स्तरमा रहेका धार्मिक, पर्यटकीय, एतिहासिक तथा पुरातात्विक स्थलहरुको संरक्षण ,सम्वर्धन तथा प्रचारप्रसार गरी आन्तरिक तथा वाह्र पर्यटकहरु भित्र्याउन पहल गरिनेछ।

-स्थानीय जात्रा, पर्व, उत्सव, महोत्सवहरुको वार्षिक क्यालेन्डर बनाई प्रचार प्रसार गरिनेछ।

-विशिष्ट साँस्कृतिक सम्पदाहरु र परम्परागत तथा पूरातात्विक महत्वका सामग्रीहरु सङ्कलन गरी कम्तिमा एउटा सँग्राहलय निर्माणका लागि पहल गरिनेछ।

-पूरानो पाटी पौवा, मठ मन्दिरलाई मौलिकतामा आधारित स्थानीय सामाग्रीबाट निर्माण निर्माण गर्न पहल गरिनेछ र धार्मिक धरोहरको अभिलेखिकरण गरि संरक्षण सम्वर्धन गरिनेछ।

-स्थानीय जीवनशली, परम्परागत कला र सीपलाई पर्यटकीय गतिविधिका रुपमा विकसित गन सहजीकरण गरिनेछ

-प्रत्येक गाउँपालिकाहरुमाँ कम्तिमा एउटा पालिकास्तरीय खेलमैदान र कवर्डहल निर्माण गरिने छ। एक वडा एक खेलमैदानको अपधारणा अन्र्तगत एउटा खेलमैदान निर्माण गरिनेछ।

-प्रत्येक स्थानीय तहका सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुलाई खेलकुद प्रशिक्षण गराउन प्रशिक्षकको व्यवस्थापन गरिने छ।

### ८ फोहरमैला व्यवस्थापन तथा सरसफाइ

हरेक सुन्दर स्थानीय तहमा नागरिकको स्वास्थ्य, उत्पादकत्व र आम्दानी वृद्धि गर्न सहभागितामूलक र प्रभावकारी फोहर मैला व्यवस्थापन अपरिहार्य छ। बढ्दो पर्यावरणीय सङ्कटलाई सामना गरी दिगो विकास गर्ने सन्दर्भमा पनि प्रभावकारी फोहरमैला व्यवस्थापन अब अनिवार्य शर्त हो। संवैधानिक व्यवस्था बमोजिम फोहरमैला व्यवस्थापन स्थानीय तहको जिम्मेवारीमा रहेको छ। फोहरमैला व्यवस्थापनमा हामी देहाय बमोजिमको सङ्कल्प गर्दछौं।

-सदरमुकाम लगायत मुख्य मुख्य बजार क्षेत्रमा फोहर तथा ढल निकासलाई निजी क्षेत्र, अन्य सरोकारवाला एवं स्थानीय घरधनीहरुसँगको समन्वयमा व्यवस्थित गरिनेछ।

-टोल-टोलमा फोहरमैला सङ्कलन र व्यवस्थापनका लागि सरसफाई समिति  गठन गरी परिचालन गरिनेछ।

-सदरमुकाम लगायत मुख्य मुख्य वजार क्षेत्रको फोहर व्यवस्थापन गर्नका लागि सरोकारवाला र स्थानीय जनतासंग समन्वय गरी स्थायी रुपमा डम्पिङ साइटको व्यवस्थापन गरिनेछ।

-फोहरमैला संकलन र व्यवस्थापनमा खटिने श्रमिकको सुरक्षा र निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ।

### ९ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

विगतका घटनाबाट मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक स्रोतहरूमा भएका क्षति सम्बन्धी तथ्याङक र अन्य प्रभाव सम्बन्धी सूचनाको एकिकरण गरिनेछ र जोखिम न्यूनिकरणका लागि भौतिक संरचना, मेसिन औजारको व्यवस्था ,सीप विकास तथा जनचेतना अभिवृद्धि पुर्व तयारीका गतिविधीहरु गरिनेछन।

-विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नका साथै विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन गरिनेछ।

-मौसमी प्रकोपबाट हुने क्षति कम गर्ने उपायबारे जनचेतना र पूर्व जानकारी मोबाइल एप, विद्युतीय सूचना र अन्य माध्यमबाट प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

-पानीको स्रोतको संरक्षणका लागि प्रत्येक स्थानीय तहका पानीका मुहानहरुमा वृक्षारोपण मुहानको माथिपट्टी रिचार्ज पोखरीहरु बनाईनेछन।

-जलवायु परिवर्तनको सामना र प्रकोपको जोखिम नियन्त्रण गर्न आवश्यक संरचनाको निर्माणका लागि प्रयोगात्मक र प्राविधिक सिपमूलक तालिम दिई क्षमता अभिबृद्धि गरिनेछ।

### १० वन, वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण

-नदी तथा खानीजन्य स्रोतको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गरिनेछ। त्यसको लागि आवश्यक नीतिगत, कानूनी संरचनाको परिमार्जनका लागि सङ्घ र प्रदेशसँग समन्वय गरिनेछ।

-महाभारत वन क्षेत्रलाई डडेल्धुराको मेरुदण्डको रुपमा स्वीकार गरी संरक्षणमुखी वनको रुपमा व्यवस्थापन गरिनेछ र प्रमुख पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ।

-भित्रि मधेसको वन क्षेत्रलाई त्यहाको भूगोलको आधारमा उत्पादनशील वनको रुपमा विकाश गरी त्यहाँबाट प्राप्त आम्दानीलाई वन व्यवस्थापन र गरिबी न्युकिकरणको रुपमा प्रभावकरी ढंगले लागु गरिनेछ।

-पालिका र समुदायमा आधारित वन र वन कार्यालय बीचको अन्तरसम्बन्धलाई प्रगाढ बनाउदै जनमुखी,वनमुखी र वातावरणमुखी बनाइनेछ

-यस क्षेत्रमा रहेको वनमा पाइने जडिबुटीको प्रचुरतालाई मध्यनजर गरी जिल्ला सदरमुकाममा



जडिबुटी केन्द्रको रुपमा विकसित गरिनेछ।

-वन, वनस्पति, वन पैदावार, जलस्रोत, भूमि, जडिबुटी, वैकल्पिक ऊर्जा, स्थानीय ज्ञान, सीप, जैविक विविधता संरक्षण, वातावरणीय सेवा, उत्सर्जन न्यूनीकरणका वारेमा स्थानीय तहमा 'प्राकृतिक स्रोत तथा वातावरण संरक्षण सम्बन्धी' आवश्यक नीति, कानून तथा कार्यविधीहरु निर्माण गरी कार्यानवयन गरिनेछ।

-चुरे वन सुरक्षा र सम्बर्द्धनका लागी चुरेमैत्री बस्ती विकास कार्यक्रमका लागि गुरु योजना बनाइ चुरे क्षेत्रको संरक्षण र सर्म्वद्धन गरिनेछ।

### ११ सामाजिक न्याय र समावेशीता

हाम्रो संविधानले महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रुपमा पछाडि परेका महिला, दलित, अपाङ्गता भएका, अल्पसंख्यक, मुस्लिम, पिछडिएको क्षेत्र लगायतका नागरिकलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता, सामाजिक सुरक्षामा विशेष अवसर, समान पहुँचको लागि विशेष व्यवस्थाको परिकल्पना गरेको छ। राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा अधिकार, कार्यान्वयन, संरक्षण र प्रवर्द्धनका लागि राज्यले प्राथमिकता दिने व्यवस्था गरेको छ। संविधानमा उल्लेखित यी हक र नीति कार्यान्वयन र समग्र उत्थानका लागि स्थानीय सरकारले अग्रसरता लिनु अपरिहार्य छ। सवैको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न र उनीहरूको उत्थानका लागि विशेष व्यवस्था गर्ने सन्दर्भमा स्थानीय सरकार जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले लिने नीतिको महत्वपूर्ण भूमिका रहन्छ। अतः सामाजिक न्याय र समावेशिकरणका सम्बन्धमा नेपाली कांग्रेसका स्थानीय सरकारले देहायको सङ्कल्प गर्दछन्।

#### क. दलित समुदाय

-न्यून आय भएका दलित समुदायका विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ र न्यून आय भएका दलित समुदायका व्यक्तिहरुलाई उपचारको लागि विशेष सहुलियतको व्यवस्था गरिनेछ।

-जातीय रुपमा पिछडिएको दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक सुधारका लागि स्थानीय सरकारले 'दलितसँग सरकार' कार्यक्रम सञ्चालन गरिनेछ।

-स्वास्थ्य वीमा कार्यक्रममा तिर्नु पर्ने न्युनतम रकम अति विपन्न दलित समुदायका परिवारका लागि निःशुल्क गरिनेछ।

-हरेक स्थानीय तहमा करारमा कर्मचारी नियुक्ति गर्दा योग्यता पुगेका दलित समुदायका योग्य उमेदवारलाई प्रथामिकताका आधारमा नियुक्ति गर्ने व्यवस्था गरी दलित समुदायका परम्परागत सीपको संरक्षण, प्रवर्द्धन र रोजगारी सृजना गरिनुका साथै  परम्परागत सीपको तालिम सञ्चालन गरिनेछ।

-जातीय छुवाछुत र विभेदलाई सामाजिक अपराधको रुपमा लिंदै शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ र कानूनको कार्यान्वयन तथा आवश्यक परिमार्जनका लागि पहल गरिनेछ।

### ख. महिला तथा बालबालिका

-महिला हिंसा मुक्त स्थानीय तह घोषणा गर्ने सक्षम हुने गरी ठोस योजना बनाई कार्यान्वयन गरिनेछ। महिला र किशोरीको सुरक्षा, उपचार, पुर्नस्थापनाका लागि सेफ हाउसको निर्माण गरि संचालनमा ल्याईनेछ।

-'समान कामको समान ज्याला' लाई सुनिश्चित गरिनेछ। उत्पादनशील क्षेत्रमा महिला सहभागिता तथा महिला उद्यमशीलता अभिवृद्धि गरी स्वरोजगार सुनिश्चित गरिनेछ। राज्यका सबै स्थानीय तह र अङ्गमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

-जन्मदर्तालाई सरल, सहज र पहुँचयुक्त बनाउने र बाबुआमाविहीन (एकल वा दोहोरो अनाथ) बालबालिकाको संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था गर्न पालिका स्तरमा बालबालिका संरक्षण कोषको स्थापना गरी संचालनमा ल्याईनेछ।

-हरेक स्थानीय तहमा बालप्रतिभा प्रोत्साहन पुरस्कार स्थापना गरिनेछ।

### ग.अपाङ्गता भएका व्यक्ति

-अपाङ्गता भएका व्यक्तिहरुलाई उद्यमी बनाउन सीपमा आधारित कम्युटर, उद्यमसिलता तथा वित्तीय सांक्षरता लगायतका तालिमहरु निःशुल्क रुपमा प्रदान गरिनेछ।

-अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्री तथा उपकरणहरु स्थानीय तहमै निःशुल्क उपलब्ध गराइनेछ। अपांगता भएका व्यक्तिका छोराछोरीलाई छात्रवृत्ति र निःशुल्क शिक्षाको व्यवस्था  गर्न पहल गरिनेछ।

-सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ र अति अशक्त र अपाङ्गता भएका व्यक्तिको निशुल्क स्वास्थ्य बीमा गरिनेछ।

-अपाङ्गताको स्वभाव र प्रकृति अनुरुप उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसर हरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न विशेष आर्थिक सहुलियतको व्यवस्था गर्न पहल गरिनेछ।



### अन्तमा,

आगामी पाँच वर्ष हाम्रा स्थानीय सरकारले गाउँमा जनतालाई बस्न योग्य बनाउनका लागि विशेष प्राथमिकता दिने छन। हाम्रो स्थानीय नेतृत्वले कर्मशील नागरिकहरूका लागि कसरी गाउँ उत्पादनमुखी बन्न सक्दछन रु कसरी उनीहरूलाई उनीहरूकै घरनजिक रोजगारी दिन सकिन्छ रु भनेर आफ्नो स्थानको विशेषता अनुसार आयमूलक पेसा वा रोजगारीलाई उच्च प्राथमिकता दिने छन्। स्वास्थ्य, स्वच्छ खानेपानी , बिजुली, सडक, फोहोर व्यवस्थापन, स्कुल, अस्पताल, इन्टरनेट, पार्क र खेल मैदानहरू अब हाम्रा सरकारका प्राथमिकतामा हुनेछन।

नेपाली काँग्रेसले इतिहास र नेपाली जनताले सुम्पिएको हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारा इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्दै आएको छ। इतिहासको विभिन्न कालखण्डमा नेपाली काँग्रेसले निर्वाह गरेको युगान्तकारी भूमिकाको सगौरव स्मरण गर्दै र हामीले विगत ५ वर्षमा निर्वाह गरेको भूमिकाको वस्तुनिष्ठ समीक्षा गर्दै भविष्यको मार्गचित्र तय गरेका छौं। विगतमा जस्तै भविष्यमा पनि तपाईंहरू र समयले सुम्पिएको जिम्मेवारी निष्ठापूर्वक वहन गरी लोकतन्त्र, संविधान, जनअधिकारको संरक्षण र समुन्नत स्थानीय तह निर्माण गर्नेछौं भनी सम्पूर्ण पालिकावासीसँग संकल्प गर्दछौं।

यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनमा उत्साहपूर्वक सहभागी भई नेपाली काँग्रेसको चुनाव चिन्ह रुखमा मतदान गर्न सम्पूर्ण आमाबुवा, दिदीबहिनी दाजुभाइहरुमा हार्दिक अनुरोध गर्दछौं।

**जय नेपाल !!**